वर्ष ८, अंक १
असोज २०७३, September 2016

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



प्रिय मित्रहरु,

२०७३ साल सातौं परिषद्को दोस्रो कार्यकाल रहेको व्यहोरा मित्रहरूलाई अवगत नै छ । पार्षद मित्रहरूले २०७३ असार ३१ गते भएको अध्यक्षको निर्वाचनमा संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा मलाई २०१६/१७ को लागि निर्विरोध निर्वाचित गराउनु भएको थियो । निर्वाचन पश्चात २०७३ श्रावण ७ गते काठमाडौंमा आयोजित औपचारिक कार्यक्रममा मैले संस्थाको अध्यक्षको पदभार ग्रहण गरेको थिए । मैले पदभार गरेपश्चात संस्थाले यस त्रैमासिकमा प्राप्त गरेका उपलब्धी र मेरो एक वर्षे कार्यकालमा संस्थाले संचालन गरेको क्रियाकलापको वारेमा उल्लेख गर्नु भन्दा अघि मलाई संस्थाको २० औं अध्यक्षमा विश्वासका साथ निर्विरोध निर्वाचित गराई संस्थालाई अगाडि बढाउने मौका दिनु भएकोमा सम्पूर्ण पार्षद् मित्रहरू प्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अब म जुलाई देखि सेप्टेम्बर २०१६ सम्म मेरो कार्यकालको पहिलो त्रैमासिकमा संस्थाले गरेको क्रियाकलापका सम्बन्धमा जानकारी गराउन चाहन्छु ।

### संस्थागत विकासका सम्बन्धमा

संस्थाले २०१६ जुलाई २२ मा नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षको सपथग्रहण काठमाडौंमा आयोजित समारोहमा मैले संस्थाको अध्यक्षको पदभार ग्रहण गर्ने अवसर पाएको थिए । सोही समारोहमा राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारको घोषणा गरिएको थियो । विशेष अतिथिहरू द्रय कार्यवाहक महालेखापरीक्षक सुकदेव भट्टराई खत्री र नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवि नेपालले संयुक्तरूपमा कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । कार्यक्रमका अन्य अतिथिहरूमा वीमा समितिका अध्यक्ष तथा धितोपत्र बोर्डका अध्यक्षको समेत उपस्थिति थियो ।

संस्थागत क्षेत्रलाई अझ बढी पारदर्शी र जवाफदेही बनाउन हौसला प्रदान गर्ने अभिप्रायले संस्थाले हरेक वर्ष राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन सम्मान प्रदान गर्दै आएको छ । यस पटक पाँच विभिन्न क्षेत्रमा उत्कृष्ट वित्तीय प्रतिवेदन तयार पार्ने संस्थाहरूलाई अध्यक्षको पदभार हस्तान्तरण समारोहमा विशेष अतिथिको हैसियतमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवि नेपालले राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार प्रदान गर्नु भएको थियो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १३ अनुसार आ.व २०७३/०७४ का लागि संस्थाले स्थायी तथा अस्थायी समितिहरूको पुर्नगठन गरेको छ । जस अनुसार ४ वटा स्थायी समितिहरू र २३ वटा अस्थायी समितिहरू पुर्नगठन गरेको छ । ती समितिहरू परिषद्को प्रति उत्तरदायी भई संस्थालाई सहयोग गर्ने गरी गठन गरिएका छन् ।

### शिक्षा तथा विद्यार्थी क्रियाकलाप सम्बन्धमा

संस्था र नेपाल बंगलादेश बैंक वीच CAP III तहका विद्यार्थीहरूलाई CAP II को प्रमाणपत्रको आधारमा बढीमा पाँच बर्षको लागि रू ३००,०००/(तीनलाख) सम्मको शैक्षिक कर्जा उपलब्ध गराउने सम्बन्धमा भएको संझौता बारेमा यहाँहरूलाई जानकारी गराउन पाउनु मेरो लागि खुसीको विषय हो ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षामा विद्यार्थीहरूको पहुँचलाई बढावा दिने अभिप्रायले संस्थाले आफ्ना सदस्यहरू र सरोकारवालाहरूको सहकार्यमा बिभिन्न छात्रबृत्ति कोषको स्थापना गरेको छ । यसै सन्दर्भमा संस्था र सिए. कुवेर प्रसाद शर्मा वीच २०७३ भाद्र १ गते भएको संझौता अनुसार हालै संस्थाले २,०००,०००/(वीस लाख)को कुवेर शर्मा छात्रबृत्ति कोषको स्थापना गरेको छ । यस कोषको स्थापनाबाट आधारभूत तहका विद्यार्थीहरू लाभान्वित हुने छन् ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षालाई बढावा दिने उद्देश्यले संस्था र पोखरा विश्वविद्यालय, व्यवस्थापन संकाय वीच २०१६ जुलाई २० मा एक संझौता सम्पन्न गरेका छौं । जस अनुसार पोखरा विश्वविद्यालयको स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रममा NFRS र NSA समावेश गर्ने गरी संझौता सम्पन्न भएको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

## ICAI का अध्यक्षद्वारा संस्थाको भ्रमण

The Institute of Chartered Accountants of India का अध्यक्ष CA. Devaraja Reddy / SAFA Nodal Officer Mr. Mudit Vashishtha ले २०७३ श्रावण ३० गते संस्थाको भ्रमण गर्नु भयो । ICAI का अध्यक्ष CA. Devaraja Reddy संस्थाले २०७३ श्रावण २८ र २९ गते आयोजना गरेको साफा बोर्ड तथा कमिटि बैठक र साफा अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन काठमाडौं आउनु भएको थियो ।



संस्थाका पदाधिकारीहरू ICAI का अध्यक्षका साथ ।

उहाँलाई संस्थाका अध्यक्ष सिए. महेश खनाल र उपाध्यक्ष सिए. प्रकाश जंग थापाले स्वागत गर्नु भएको थियो । भेटघाटको क्रममा विश्व परिवेश तथा सार्क क्षेत्रमा हाल लेखाव्यवसायको स्थिति बारेमा कुराकानी भएको थियो । त्यसको अलावा संस्था र ICAI वीच लेखाव्यवसायको विस्तार तथा क्षमता र अनुभवको आदान प्रदानका संभावित सहयोगका क्षेत्रहरूका बारेमा समेत छलफल भएको थियो ।

भेटघाटको दौरानमा संस्थाका अध्यक्ष तथा उपाध्यक्ष लगायत संस्थाका कार्यकारी निर्देशक विनय प्रकाश श्रेष्ठ र सह निर्देशक विनोद न्यौपानेको उपस्थिति रहेको थियो ।

## संस्था तथा भुटानको अर्थमन्त्रालयका प्रतिनिधिहरु वीच भेटवार्ता

संस्थाका अध्यक्ष सिए. महेश खनाल, उपाध्यक्ष सिए. प्रकाश जंग थापा, कार्यकारी निर्देशक विनय प्रकाश श्रेष्ठ र सह निर्देशक विनोद न्यौपाने सम्मिलित पदाधिकारी तथा कर्मचारीहरूले भुटानको अर्थमन्त्रालयका प्रतिनिधिहरू Director General Mr. Choiten Wangchuk र General Secretary Mr. Sonam Wangdi संग मिति २०७३ श्रावण ३० गते संस्थाको भवनमा बैठक बसेको थियो ।



संस्थाका पदाधिकारीहरू भुटानको अर्थमन्त्रलायका प्रतिनिधिका साथ ।

उक्त बैठकमा संस्थाले आफ्नो स्थापनाको इतिहास, ऐन तथा नियम र सुशासन सम्बन्धमा जानकारी गराएको थियो ।

## सदस्य तथा व्यावसायिक विकास

संस्थाले राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार र नवनिर्वाचित अध्यक्ष र उपाध्यक्षको सपथ ग्रहणको अवसर पारेर संस्थाले २०७३ श्रावण ७ गते काठमाडौंमा "Recent Amendments in Nepalese Tax laws" विषयमा अर्ध दिवशीय एक सेमिनारको आयोजना गरेको थियो । सो सेमिनारमा Recent changes in Income Tax and VAT made through Finance Bill, 2073 सम्बन्धी Panel Discussion forum समेतको आयोजना गरिएको थियो ।

संस्थाले क बर्गका बाणिज्य बैकका वित्त प्रमुखहरूसंग २०७३ श्रावण १७ गते र क बर्गका बाणिज्य बैकको लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकहरूसंग २०७३ श्रावण १२ गते छुट्टाछुट्टै रूपमा "NFRS Implementation Stage in Commercial Banks and Problems they are Facing" विषय उपर अन्तरक्रियाको आयोजना गरेको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा बाणिज्य बैकका वित्त प्रमुखहरू र बाणिज्य बैकका लेखापरीक्षकहरूसंग NFRS कार्यान्वयनको स्थितिका सम्बन्धमा अन्तरक्रिया गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । उक्त अन्तरक्रिया कार्यक्रममा २४ बाणिज्य बैकका वित्त प्रमुखहरू र बाणिज्य बैकको लेखापरीक्षण गर्ने १२ लेखाव्यावसायी फर्महरूका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । अन्तरक्रियाको क्रममा सहभागीहरूले NFRS कार्यान्वयन अवस्था बारेमा आ- आफ्नो अनुभव आदान प्रदान गर्नुका साथै संस्थाले NFRS सम्बन्धी निर्देशिका तयार गरेमा NFRS लागुगर्न अझ सहज हुने धारणा राख्नुभएको थियो ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

संस्था र The Institute of Chartered Accountants in England and Wales (ICAEW) बीच २०७३ असोज १७ गते Professional Qualification लाई मान्यता दिने सम्बन्धमा सम्झौतामा दुबै संस्थाको हस्ताक्षर भएको व्यहोरा सदस्यहरूलाई जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । यो संझौता चार्टर्ड एकाउन्टेन्टहरूलाई अन्तर्राष्ट्रिय जगतमा पहिचान गर्नमा कोषेढुङ्गाको रूपमा स्थापित भएको छ । यो उपलब्धी लगातार तीन वर्षसम्मको प्रयास पछि प्राप्त भएको छ ।

यस सम्झौता बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गरी दुई वर्षको व्यावसायिक अनुभव हासिल गरेको भएमा ICAEW ले तोकेको गरेको Business Planning, Corporate Reporting, Strategic Business Management, Case Study र online ethics परीक्षा उत्तीर्ण गरेमा सो संस्थाको सदस्यता प्राप्त गर्नेछन् । त्यस्तैगरी ICAEW बाट सदस्यता प्राप्त गरी पेशागत प्रमाणपत्र प्राप्त गरेकाहरूले संस्थाद्वारा निर्धारित गरेको CAP III तहको Corporate Laws, Advance Taxation उत्तीर्ण गरी एक वर्षको internship सम्पन्न गरेमा संस्थाको सदस्यता प्राप्त गर्नसक्ने व्यवस्था भएको जानकारी गराउन चाहन्छु ।

संस्थाले २०७३ श्रावण २८ गते, शुक्रवार ४४ औं साफा बोर्ड बैठक, ८२ औं एसेम्ब्ली बैठक र बिभिन्न कमिटी बैठकहरू काठमाडौंमा आयोजना गरेको थियो । उक्त बैठकहरूमा संस्था लगायत साफा सदस्य राष्ट्रहरूका प्रतिनिधिहरूको सहभागिता रहेको जानकारी गराउन चाहन्छु ।

संस्थाले २०७३ श्रावण २९ गते काठमाडौंमा "Ethical Dimensions of Accounting Profession" नामक साफा स्तरीय अन्तर्राष्ट्रिय सम्मेलन सफलताका साथ आयोजना गरेको थियो । उक्त सेमिनारको समुद्घाटन माननीय उपप्रधान तथा अर्थमन्त्री कृष्ण बहादुर महराले गर्नुभएको थियो । उक्त साफा स्तरीय अन्तर्राष्ट्रिय सम्मेलनमा साफा सदस्य राष्ट्रहरूका संस्था प्रमुखहरू लगायत अन्य प्रतिनिधिहरूको सहभागिता रहेको जानकारी गराउन चाहन्छु । साथै साफाको सदस्यता लिई नसकेका अफगानिस्तान, भुटान र मालदिप्सका प्रतिनिधिहरूले पर्यवेक्षकको रूपमा सम्मेलनमा भाग लिनुभएको थियो । संस्थाको निमित्त यो एक महत्वपूर्ण घटना हो । २०० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विज्ञहरूको सम्मेलनमा सहभागिता रहेको जानकारी गराउन चाहन्छु ।

The Institute of Chartered Accountants of India का अध्यक्ष Devaraja Reddy र SAFA Nodal Officer Mudit Vashishtha र भुटानको अर्थमन्त्रालयका प्रतिनिधिहरू Director General Choiten Wangchuk र General Secretary Sonam Wangdi ले २०७३ श्रावण ३० गते बेग्ला बेग्लै समयमा संस्थाको भ्रमण गर्नु भयो । भ्रमणको क्रममा उहाँहरूको संस्थाका अधिकारीहरूसंग बैठक बसेको थियो । बैठकमा आ-आफ्नो देशमा लेखाव्यवसायको हालको स्थिति सम्बन्धमा छलफल गरी अनुभव समेत आदान प्रदान गरिएको जानकारी गराउन चाहन्छु ।

अन्तमा, मलाई अध्यक्ष जस्तो गरिमामय पदमा विजयी गराउनु हुने सम्पूर्ण पार्षद मित्रहरूलाई पुन: धन्यवाद दिन चाहन्छु । साथै लेखाव्यावसायको विकासको निमित्त निरन्तर लागिरहने विश्वास दिलाउन चाहन्छु । विजया दशमी, तिहार र छठ पर्वको अवसरमा संस्थाका सदस्य, सरोकारवालाहरू र संस्थाका कर्मचारीहरूलाई शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

सिए. महेश खनाल
अध्यक्ष

## साफा बोर्ड तथा एसेम्व्ली बैठक २०१६

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले काठमाडौंमा मिति २०७३ श्रावण २८ गते ४४ औं साफा बोर्ड बैठक र ८२ औं साफा एसेम्व्ली बैठकको आयोजना गऱ्यो ।




साफा बोर्ड बैठकको एक झलक ।

उक्त बैठकमा साफाका विभिन्न समितिहरूको बैठक समेत बसेको थियो । साफाका बिभिन्न बैठकहरूमा साफा सदस्य राष्ट्रका समितिका प्रतिनिधिहरूले सहभागिता जनाएका थिए ।

## साफा अन्तर्राष्ट्रिय सम्मेलन

साफा बोर्ड तथा एसेम्व्ली बैठकको अवसर पारेर नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०७३ श्रावण २९ गते काठमाडौंमा "Ethical Dimensions of Accounting Profession" विषयमा साफा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । उक्त सम्मेलन लेखाव्यावसाय तथा सेवा क्षेत्रका व्यावसायिक एकाउन्टेन्टका साथै इच्छुक व्यक्तिहरूलाई दृष्टिगत गरी संचालन गरिएको थियो । सम्मेलनको माननीय उपप्रधान तथा अर्थ मन्त्री कृष्ण बहादुर महराज्यूले विधिवत उद्घाटन गर्नुभएको थियो ।



माननीय उपप्रधान तथा अर्थमन्त्री कार्यक्रममको समुद्घाटन गर्नुहुँदै ।

संस्थाका अध्यक्ष सिए. महेश खनालले स्वागत मन्तव्य सहित समारोहमा उपस्थित प्रमुख अतिथि, विशेष अतिथिहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधि लगायत सबैलाई स्वागत गर्नुभएको थियो । समारोहलाई साफाका अध्यक्ष, प्रमुख अतिथि र विशेष अतिथिहरूले सम्बोधन गर्नुभएको थियो ।

निवर्तमान अध्यक्ष एवं कार्यक्रमका समन्वयकर्ता सिए. प्रकाश लम्सालले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सो समारोहका प्रमुख वक्ता तथा SAFA Committee on Professional Ethics and Independence का सभापति CA. Adeeb H Khan ले IESBA Code of Ethics-2014: Sustaining Public Trust सम्बन्धी कार्यपत्र सहितको धारणा राख्नु भएको थियो ।

समारोहमा तीनवटा प्राविधिक कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । तीनवटै कार्यपत्रहरू लेखाव्यवसायको नैतिकतासंग सम्बन्धित रहेका थिए । समारोहमा निम्न अनुसार कार्यपत्रहरू प्रस्तुत गरिएका थिए ।

| Technical Session | Session Topics | Session Chairperson | Session Commentator | Session Paper Presenter |
|---|---|---|---|---|
| I | Overview of Ethics for Professional Accountants in Practice and Threats. | Session Chairperson: Mr. Naeem Akhter Sheikh, FCA, President, SAFA | Mr. Madhu Bir Pande, FCA, Past President, ICAN | Ms. Kemisha Soni, FCA, Central Council Member- ICAI |

| | | | | |
|---|---|---|---|---|
| 2 | Overview of Ethics for Professional Accountants in Business | Mr. Kaushalendra Kumar Singh, FCA, Past President, ICAN | Mr. Anis ur Rehman, Vice President, ICMA Pakistan | Mr. Madan Krishna Sharma, FCA, Past Chairman, Accounting Standard Board, Nepal |
| 3 | Ethical Compliance-Country Experience Recently Issued IESBA Standard on" Responding to Non-Compliance with Laws and Regulations" | Mr. ASM Nayeem, FCA, Vice President, SAFA | | Mr. Reyaz Mihular, FCA, Member, IESBA and Chairman SAFA Accounting and Auditing Standards Committee |

समारोहमा साफा एकाउन्टिङ्ग संस्थाका प्रमुखहरूको उपस्थिति रहेको थियो । यस समारोहमा सार्क समूहका अन्य राष्ट्रहरू अफगानिस्तान, भुटान र मालदीप्सका प्रतिनिधिहरूको पर्यवेक्षकको रूपमा सहभागिता रहेको थियो । सो समारोहमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट २०० भन्दा बढीले सहभागिता जनाएका थिए ।

समारोहमा साफाका सदस्य एवं गैर सदस्य राष्ट्रहरूका प्रतिनिधिहरूले लेखाक्षेत्रको विकासका साथै लेखाक्षेत्रसंग सम्बन्धित नैतिककताको अभ्यास, प्रचलन र अनुभव समेत आदानप्रदान गर्नुभएको थियो । समारोहको अन्तिम सत्रमा साफाका अध्यक्ष तथा संस्थाका अध्यक्षद्वयले कार्यक्रम सफलताका साथ सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा लेखाक्षेत्रमा गर्न सकिने उन्नती तथा विकासका सम्बन्धमा जानकारी गराउँदै आ-आफ्नो टिप्पणी गर्नुभएको थियो ।

## कार्यवाहक महालेखा परीक्षकसंगको भेट

संस्थाका नव नियुक्त अध्यक्ष तथा उपाध्यक्ष सिए. महेश खनाल र सिए. प्रकाश जंग थापाले कार्यवाहक महालेखा परीक्षक श्री सुकदेव भट्टराई खत्रीसंग २०७३ श्रावण २५ गते भेट गर्नुभयो । उक्त भेटमा उहाँहरु बीच लेखाव्यवसायको विकास र सुद्धिकरण, नेपाल वित्तीय प्रतिवेदनमान प्रयोगका चुनौति, सार्वजनिक वित्तीय व्यवस्थापनमा पुऱ्याउन सकिने सहयोगका साथै लेखाव्यवसायमा नैतिक व्यवहार कायम राख्ने बारेमा छलफल भएको थियो । उक्त अवसरमा संस्थाका नव नियुक्त अध्यक्षले महालेखा परीक्षकको कार्यालयलाई संस्थाको तर्फबाट व्यावसायिक सेवा प्रदान गर्ने धारणा राख्नुभएको थियो ।

## बाणिज्य बैंकका वित्त प्रमुखहरुसंग अन्तरक्रिया कार्यक्रम

संस्थाले २०७३ श्रावण १७ गते बाणिज्य बैंकका वित्त प्रमुखहरूसंग "NFRS Implementation Stage in Commercial Banks and Problems they are Facing" सम्बन्धी संस्थाको भवनमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । यस कार्यक्रमको उद्देश्य संस्थाले लागु गरेको नेपाल वित्तीय प्रतिवेदनमानको कार्यान्वयन र समस्याहरूको बारेमा जानकारी लिनु रहेको थियो ।

संस्थाका अध्यक्ष सिए. महेश खनालले सहभागी सवैलाई स्वागत गर्दै अन्तरक्रिया कार्यक्रम संचालन गर्नुको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा स्टान्डर्ड चार्टर्ड बैंक नेपालका वित्त प्रमुख सिए. सुरज लामिछानेले आफू कार्यरत बैंकले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्दा देखिएका समस्या तथा मान कार्यान्वयनका सकारात्मक पक्षको बारेमा अनुभव सहितको प्रस्तुति गर्नुभएको थियो । सो कार्यक्रममा उपस्थित अन्य सहभागीहरूले पनि आ-आफ्नो कार्यरत बैंकमा नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयन बारेमा अनुभव राख्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले नेपाल वित्तीय प्रतिवेदनमानमा रहेका द्विविधाहरूलाई हटाउन निर्देशिका तयारी लगायत नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, आन्तरीक राजस्व विभाग र संस्थाका साथै अन्य सरोकारवालाहरूसंग समन्वय जरूरी रहेको धारणा राख्नुभएको थियो । उहाँहरूले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्दा सामना गर्नुपर्ने चुनौतिका बारेमा समेत छलफल गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा संस्थाका उपाध्यक्ष सिए. प्रकाश जंग थापा, संस्थाका निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्साल, पार्षद सिए. सुनिल जाकिवन्जा, कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठको सहभागिता रहेको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा २४ वटा बाणिज्य बैंकका वित्त प्रमुखहरूले सहभागिता जनाएका थिए ।

## बाणिज्य बैंकका लेखापरीक्षकहरुसंग अन्तरक्रिया कार्यक्रम

संस्थाले २०७३ श्रावण १२ गते "क" बर्गका बाणिज्य बैंकको २०१५/१६ को लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकहरूसंग "NFRS Implementation Stage in Commercial Banks and Problems they are Facing" उपर संस्थाको आफ्नै भवनमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । यस अन्तरक्रियाको उद्देश्य संस्थाले लागु गरेको नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा बैंकहरूले तयार गरेका वित्तीय विवरणको लेखापरीक्षण गर्दा देखापरेका विविध पक्षहरूको बारेमा जानकारी आदन प्रदान गर्नुरहेको थियो । यस कार्यक्रममा सहभागीहरू बीच NFRS का आधारमा तयार गरिएका वित्तीय विवरणको अवस्था र लेखापरीक्षकहरूले अनुभव गरेका विविध विषयहरूमा गहन छलफल भएको थियो ।

संस्थाका अध्यक्ष सिए. महेश खनालले अन्तरक्रियामा सहभागी सवैलाई स्वागत गर्दै कार्यक्रम संचालन गर्नुको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

सहभागीहरूको तर्फबाट सिए. संजीव कुमार मिश्रले बैंकहरूको लेखापरीक्षण गर्दा देखिएका विभिन्न विषयहरू बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । सो कार्यक्रममा उपस्थित अन्य सहभागीहरूले पनि नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको स्थिति बारेमा आ-आफ्नो अनुभव राख्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा संस्थाका उपाध्यक्ष सिए. प्रकाश जंग थापा, संस्थाका निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्साल, कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठ र लेखामान बोर्डका सदस्य सिए. मुकुन्द देव अधिकारीको उपस्थिति रहेको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा १२ वटा "क" बर्गका बाणिज्य बैंकको बाह्य लेखापरीक्षकहरूको सहभागिता रहेको थियो ।

## नेपाल राष्ट्र बैंकका अधिकारीहरूसंगको भेट

संस्थाका अध्यक्ष सिए. महेश खनालको नेतृत्वमा एक प्रतिनिधि मण्डलले नेपाल राष्ट्र बैंकका अधिकारीहरूसंग बैंक तथा वित्तीय संस्थाहरूमा NFRS को प्रभावकारी कार्यान्वयन सम्बन्धमा २०७३ श्रावण ९ गते भेट गरी तत्सम्बन्धमा छलफल गरेको थियो । उक्त भेटका अवसरमा संस्था र नेपाल राष्ट्र बैंक बीच आपसी सम्बन्धका साथै राष्ट्रिय मौद्रिक नीतिका विभिन्न प्रावधानहरू उपर छलफल भएको थियो । उक्त बैठकमा संस्थाको तर्फबाट उपाध्यक्ष सिए. प्रकाशजंग थापा, तथा निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्सालको सहभागिता रहेको थियो ।

## Recent Amendments in Nepalese Tax Laws सम्बन्धी सेमिनार

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार र सपथग्रहण समारोहको अवसर पारेर काठमाडौंमा मिति २०७३ श्रावण ७ मा आधा दिनको Recent Amendments in Nepalese Tax Laws सम्बन्धी एक सेमिनारको आयोजना गऱ्यो । कार्यक्रमको शुरूमा संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालले शुभारम्भ मन्तव्य राख्नुभएको थियो । यस सेमिनार नेपाल सरकारले वित्त विधेयक, २०७३ (Finance Bill, 2073) मार्फत कर सम्बन्धी हालै गरेका संशोधनहरूलाई समाविष्ट गरी संचालन गरिएको थियो। सोही कार्यक्रममा कर सम्बन्धी विभिन्न पहल (Initiatives) उपर पेनल मार्फत विशेष छलफल गरिएको थियो ।



कार्यक्रममा संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल सम्बोधन गर्नुहुँदै ।

दुई सत्रमा संचालन गरिएको सेमिनारको पहिलो शेसनमा Recent Changes in Income Tax and VAT and Current issues र दोश्रो शेसनमा Current Compliance Issues on Tax and VAT शीर्षकउपर पेनलमा छलफल गरिएको थियो ।

यस सेमिनार प्रोफेशनल एकाउन्टेन्टहरू, सार्वजनिक तथा निजी व्यावसायिक क्षेत्रका माथिल्लो तहका अधिकारीहरू र बहुराष्ट्रिय कम्पनीहरूका व्यक्तिहरूलाई लक्षित गरी संचालन गरिएको थियो । कार्यपत्र प्रस्तुतकर्ता,शेसनका अध्यक्ष तथा टिप्पणीकारहरू निम्न अनुसार रहेका थिए ।

| Session | Topic | Paper Presenter | Chairperson/ Moderator |
|---|---|---|---|
| Session I | Recent Changes in Income Tax and VAT and Current Issues | CA. Sudarshan Raj Pandey, Past President, ICAN | Mr. Chudamani Sharma, Director General, IRD |
| Session 2 | Panel Discussion on "Current Compliance Issues on Tax and VAT" | -CA. Sudarshan Raj Pandey, Past President, ICAN<br>-Mr. Shova Kanta Paudel, Chief, Large tax payer's Office -Mr. Dinesh Shrestha, FNCCI | CA. Mahesh Khanal, Vice President, President elect, ICAN |

यस सेमिनारमा सहभागिता जनाउने संस्थाका सदस्यहरूलाई ८ सी.पी.ई क्रेडिट आवर प्रदान गरिएको थियो ।

## राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार २०१५ र सपथ ग्रहण समारोह

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नवनिर्वाचित अध्यक्ष तथा उपाध्यक्षको सपथ ग्रहण समारोहको अवसर पारेर २०७३ श्रावण ७ गते राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार २०१५ सम्पन्न गऱ्यो ।

उक्त अवसरमा संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालले अतिथिहरूलाई पुष्प-गुच्छा सहित स्वागत गर्नुभएको थियो । समारोहलाई कार्यबाहक महालेखापरीक्षक श्री सुकदेव भट्टराई खत्री र नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जिवी नेपालले दीप प्रज्वलन गरी संयुक्त रूपमा उद्घाटन गर्नु भयो । उक्त समारोहका अन्य अतिथिहरूमा बीमा समितिका अध्यक्ष डा. फत्त बहादुर के.सी. र धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालले आफ्नो कार्यकालमा भएका संस्थागत उपलब्धी, आफ्नो कार्यकालमा संस्थाले थालनी गरेको र गर्न बाँकी रहेका कार्यहरूको विस्तृत बिवरण प्रस्तुत गर्नुभएको थियो । उहाँले नेपाल वित्तीय प्रतिवेदनमान र आचार संहीता लेखा क्षेत्रको विकासको निमित्त महत्वपूर्ण विषय रहेकाले सो को कार्यान्वयन र पालना हुनुपर्नेमा जोड दिनुभएको थियो । उहाँले अन्तर्राष्ट्रिय मान्यता अनुरूप वित्तीय विवरण तयार गरेको अवस्थामा सो बढी सूचनामूलक र विश्वासीलो हुनेमा सबैको ध्यानाकृष्ट गराउनु भएको थियो । साथै आफ्नो कार्यकाललाई सफल बनाउन व्यक्तिगत तथा संस्थागत रूपमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

### • राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार २०१५

उक्त अवसरमा राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार, २०१५ बाट पाँचवटा विविध क्षेत्रका उत्कृष्ट रूपमा वार्षिक वित्तीय प्रतिवेदन तयार गरी मूल्याङ्कनमा अधिकतम अंक ल्याउन सफल हुने संस्थाहरूलाई सम्मान स्वरूप पुरस्कृत गरिएको थियो । सो समारोहमा विभिन्न पाँच क्षेत्रका Banking Sector (Private and Public Sector), Financial Sector (Including Development Banks and Finance Companies), Insurance Sector, Public Sector Entity र General Sector का प्रतिष्ठानहरूको सहभागिता रहेको थियो ।


राष्ट्रिय विपिए अवार्डको एक दृष्य ।

सो समारोहमा नेपाल राष्ट्र बैंकका गभर्नर तथा कार्यक्रमका विशेष अतिथि डा. चिरञ्जिवी नेपालले विजेता संस्थाहरूलाई पुरस्कार प्रदान गर्नुभएको थियो । समारोहमा निम्न संस्थाहरूलाई विजेता तथा उपविजेता घोषणा गरिएको थियो ।

| S. No. | Sector | Winner | Runner Up |
|---|---|---|---|
| 1 | Banking Sector (Private and Public) | Citizen Bank International Ltd. | First Runner up: Nabil Bank Ltd. |
| | | | Second Runner up: Standard Chartered Bank (Nepal) Limited. |
| 2 | Financial Sector (Development Banks and Finance Companies) | Kailash Bikas Bank Ltd. | Narayani National Finance Ltd. |
| 3 | Insurance Sector | NLG Insurance | - |
| 4 | Public Sector Entities | Employment Provident Fund | |
| 5 | General Sector | Butwal Power Company Ltd. | First Runner up: Nepal Doorsanchar Co. Ltd |
| | | | Second Runner up: Bottlers Nepal Ltd |

समारोहमा पुरस्कार प्राप्त गर्ने विजयीहरूको तर्फबाट सिटिजन बैंक इन्टरनेशनल लि.का कार्यकारी निर्देशक सिए. राजन सिंह भण्डारीले संस्थाले तय गरेको मापदण्ड अनुसार वित्तीय प्रतिवेदन तयार पारेको खण्डमा यस प्रकारको पुरस्कार प्राप्त गर्न सकिने धारणा राख्दै नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षलाई बधाई दिनु भयो ।

### • सपथ ग्रहण समारोह

राष्ट्रिय वित्तीय प्रतिवेदन पुरस्कार २०१५ र नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षको सपथ ग्रहण समारोहको अवसर पारेर आयोजित यस विशेष समारोहमा संस्थाका नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षको सपथ ग्रहण सम्पन्न भयो । यस समारोहमा नव निर्वाचित अध्यक्ष सिए. महेश खनालले कार्यबाहक महालेखापरीक्षक श्री सुकदेव भट्टराई खत्रीबाट पद तथा गोपनीयताको सपथ लिनुभयो । त्यस लगत्तै संस्थाका नव निर्वाचित उपाध्यक्ष सिए. प्रकाश जंग थापाले नव नियुक्त अध्यक्ष सिए. महेश खनालबाट पद तथा गोपनीयताको सपथ लिनुभयो ।


संस्थाका नव निर्वाचित अध्यक्ष, अध्यक्षको सपथ लिनुहुँदै ।

सिए. महेश खनाल र सिए. प्रकाश जंग थापा २०७३ साल असार ३१ गते भएको निर्वाचनबाट निर्वाचित हुनु भएको थियो । सिए. महेश खनाल निर्विरोध र सिए. प्रकाश जंग थापा पार्षदहरूबाट गरिएको मतको आधारमा निर्वाचित हुनुभएको थियो । संस्थाका तत्कालीन अध्यक्ष सिए. प्रकाश लम्सालले नव निर्वाचित अध्यक्ष सिए. महेश खनाललाई President Medallion प्रदान गरी अध्यक्षको कार्यभार सुम्पनु भएको थियो । अध्यक्षमा निर्वाचित हुनु पूर्व सिए. महेश खनाल संस्थाको सातौं परिषद्को उपाध्यक्ष रहनुभएको थियो ।

नव नियुक्त अध्यक्ष सिए. महेश खनालले सबै पार्षदहरूलाई आफूलाई संस्थाको अध्यक्ष जस्तो गरिमापूर्ण पदमा निर्विरोध निर्वाचित गराउनु भएकोमा धन्यवाद व्यक्त गर्दै आफूले अध्यक्षको हैसियतमा संस्थाको हितमा सधै लागिरहने प्रतिवद्धता जनाउनु भएको थियो । सो समारोहमा बोल्दै उहाँले पार्षदहरू, पूर्व अध्यक्षहरू, संस्थाका कर्मचारीहरू लगायत सम्पूर्ण सरोकारवालाहरूबाट आफ्नो कार्यकाल सफल बनाउन सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । उहाँले अघिल्लो वर्षमा पूर्ण हुन नसकेका कामहरूलाई पुरा गरिने र संस्थाले थप नयाँ कार्यक्रमहरू संचालन गर्ने बाचा समेत गर्नु भयो ।

त्यसैगरी, समारोहमा आफ्नो मन्तव्य राख्दै कार्यबाहक महालेखापरीक्षक श्री सुकदेव भट्टराई खत्रीले नव नियुक्त अध्यक्ष तथा उपाध्यक्षलाई बधाई दिनुहुँदै सफलताको शुभकामना दिनु भयो । उहाँले संस्थाले मुलुकको लेखाक्षेत्रमा गरेको प्रगतिको सह्रना गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो । साथै उहाँले महालेखापरीक्षकको कार्यालयले लेखाक्षेत्रको विकासको निमित्त संस्थालाई आवश्यक सहयोग गर्न तत्पर रहने बताउनुभयो । अन्तमा उहाँले राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार, २०१५ बाट सम्मानित हुने सम्पूर्ण विजयी संस्थाहरूलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

समारोहका अर्को अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर डा.चिरञ्जिवी नेपालले नव नियुक्त अध्यक्ष तथा उपाध्यक्षलाई बधाई दिनुहुँदै उहाँहरूको कार्यकालको सफलताको शुभकामना दिनु भयो । उहाँले समाराहेमा बोल्दै राष्ट्रको विकासमा लेखा तथा लेखाव्यवसायीहरूको महत्व र भूमिका सम्बन्धमा आफ्नो धारणा राख्नुभएको थियो । संस्थाले अनुगमन प्रणालीलाई प्राथमिकता दिनुपर्ने, कानूनी जोखिम न्यूनीकरण तर्फ ध्यान दिनुपर्ने र अन्तर्राष्ट्रिय लेखामानहरूको प्रयोगमा अझ जोड दिनुपर्ने बताउनु भयो । साथै नेपाल राष्ट्र बैंकले नेपालको लेखा क्षेत्रको विकासको निमित्त संस्थालाई उपयुक्त सहयोग रहने बताउनुभयो । अन्तमा, उहाँले राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार, २०१५ बाट सम्मानित हुने सम्पूर्ण विजयी संस्थाहरूलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

त्यसैगरी समारोहमा बोल्दै बीमा समितिका अध्यक्ष डा. फत्त बहादुर के.सी.र धितो पत्र बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले नव नियुक्त अध्यक्ष तथा उपाध्यक्षलाई बधाई दिनुका साथै राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार, २०१५ प्राप्त गर्ने सम्पूर्ण विजयी संस्थाहरूलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

नव नियुक्त अध्यक्ष सिए. महेश खनालले समारोहका प्रमुख अतिथि तथा अतिथिहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

अन्तमा, नवनियुक्त उपाध्यक्ष सिए. प्रकाश जंग थापाले उपाध्यक्षको हैसियतमा र आफ्नो व्यक्तिगत तर्फबाट संस्थाको विकासको लागि अध्यक्षलाई सक्दो सहयोग गर्ने वाचा गर्दै कार्यक्रमका विशेष अतिथिहरू, अतिथिहरू, आमन्त्रितहरूका साथै सम्पूर्ण सहभागीहरूलाई कार्यक्रममा उपस्थित भई कार्यक्रमलाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याएकोमा धन्यबाद ज्ञापन गर्नु भयो ।

### नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र पोखरा विश्वविद्यालय वीच संझौता

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र पोखरा विश्वविद्यालय वीच २०७३ श्रावण ५ गते एक संझौता सम्पन्न भएको छ । यस संझौता बमोजिम पोखरा विश्वविद्यालयले आफ्नो पाठ्यक्रममा स्नातक तथा स्नातकोत्तर तहमा NFRS र NSA लाई समावेश गर्नेछ । यसको अलावा दुई संस्था वीच आपसी सहकार्यको माध्यमद्वारा प्रकाशन, तालिम र अनुसन्धान आदि क्षेत्रमा सहयोग गर्ने रहेको छ ।

संझौतामा संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल र पोखरा विश्वविद्यालयका व्यवस्थापन संकायका डिन डा. कर्ण वीर पौडेलले हस्ताक्षर गर्नुभएको थियो ।

### लेखापरीक्षण प्रणाली सम्बन्धी क्षमता अभिवृद्धि तालिम

आरए. सदस्य क्षमता विकास समितिले काठमाडौंमा २०७३ असार २४ र २५ गते लेखापरीक्षण प्रणाली (Auditing System) सम्बन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न गऱ्यो । कूल ३८ जना आरए. सदस्यले सहभागिता जनाएको यस कार्यक्रममा लेखापरीक्षणका सान्दर्भिक विविध शीर्षकहरूमा तालिम प्रदान गरिएको थियो ।

### संस्थाको प्राङ्गणमा नेपाल बंगलादेश बैंकको काउन्टर स्थापना

संस्था र नेपाल बंगलादेश बैंक बीच २०७३ भाद्र ५ गते भएको द्विपक्षीय संझौता बमोजिम २०७३ आश्विन १२ गते संस्थाको प्राङ्गणमा बैंकको काउन्टरको स्थापना गरिएको छ । यस काउन्टरबाट संस्थामा अध्ययनरत विद्यार्थीहरू र संस्थाका सदस्यहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने छन् । संस्थाका अध्यक्ष सिए. महेश खनाल र नेपाल बंगलादेश बैंकका कार्यकारी निर्देशक सिए. ज्ञानेन्द्र ढुङ्गानाले संयुक्त रूपमा काउन्टरको उद्घाटन गर्नु भयो । सो अवसरमा CAP II तह उत्तीर्ण गरी CAP III तहमा अध्ययनरत विद्यार्थीहरूलाई CAP II तहको प्रमाणपत्रको आधारमा पाँच वर्ष सम्मको लागि रू ३००,०००/(तीन लाख ) सम्मको ऋण उपलब्ध गराउने गरी संझौता पत्रमा हस्ताक्षर भएको थियो । बैंकको काउन्टर स्थापनाले संस्थामा अध्ययनरत विद्यार्थीहरू र संस्थाका सदस्यहरूले ICAN लाई बुझाउनु पर्ने शुल्क तिर्न सहजता प्रदान हुने आशा छ । काउन्टर उद्घाटन समारोहमा संस्थाका कर्मचारीहरू, नेपाल बंगलादेश बैंकका केही कर्मचारीहरू र संस्थाका केही विद्यार्थीहरूको उपस्थिति थियो ।

## Training Course on Diploma in IFRS

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले Association of Chartered Certified Accountants(ACCA), UK को प्राविधिक सहयोगमा २०१६ सेप्टेम्बर १७ देखि २३ सम्म सात दिनको Diploma in IFRS Course संचालन गऱ्यो । ACCA, UK ले संचालन गरेको Diploma IFRS को परीक्षा उत्तीर्ण गर्न सहजता र संस्थाको उद्देश्य अनुरूप विभिन्न निकायमा IFRS को प्रयोगमा सहयोग पुऱ्याउने उद्देश्यले यो कोर्ष संचालन गरिएको थियो ।

साथै IFRS विषयमा दक्ष जनशक्तिको विकास गर्नु पनि यसको ध्येय रहेको थियो । यस तालिममा संस्थाका सदस्य लगायत गैर सदस्यहरू गरी ४६ जनाको सहभागिता रहेको थियो । यस तालिममा सहभागिता जनाउने संस्थाका सदस्यहरूलाई ३० केडिट आवर प्रदान गरिएको थियो । यस तालिमको परीक्षा आगामी २०१६ डिसेम्बर ९ को लागि तोकिएको छ ।

### व्यवस्थापन तथा संचार सीप तालिम

संस्थाले CAP III र लेखाप्राविधिक तहको परीक्षा उत्तीर्ण गरेका र CAP III तहमा दुवै समूहको परीक्षामा सामेल भएका विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि २१ अगष्ट देखि ३ सेप्टेम्बर, २०१६ सम्म १० औं व्याचको व्यवस्थापन तथा संचार सीप तालिम संस्थाको भवनमा संचालन गरेको थियो । चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरी संस्थाको चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिन र लेखा प्राविधिज्ञको अनुमतिपत्र प्राप्त गर्न चाहनेहरूले यो तालिम अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था छ । यस तालिमको माध्ययमबाट विद्यार्थीहरूले लिखित तथा मौखिक संचार शीपका साथै सामान्य व्यवस्थापनका बारेमा समेत जानकारी प्राप्त गर्ने गरेका छन् । यो तालिमबाट ती विद्यार्थीहरूलाई विभिन्न क्षेत्रमा रोजगारीको थप अवसरहरू प्राप्त गर्न सहयोग पुग्ने आशा छ ।

उक्त तालिममा ३९ जान सिए. विद्यार्थी तथा १ जना लेखा प्राविधिज्ञ अध्ययन गर्ने विद्यार्थी गरी जम्मा ४० जनाको सहभागिता रहेको थियो ।

### नयाँ छात्रवृत्ति कोषको गठन

सिए. शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई हौसला प्रदान गर्ने उद्देश्यले २,०००,०००/ (बीस लाख)को कुवेर शर्मा छात्रवृत्ति कोषको स्थापना भएको छ । यसै सन्दर्भमा मिति २०७३ भाद्र १ गते संस्था र छात्रवृत्ति कोषका संस्थापक सिए. कुवेर प्रसाद शर्मा वीच द्विपक्षीय संझौता भएको थियो । संझौता बमोजिम यस कोषबाट सिए शिक्षाको आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूलाई वार्षिक रूपमा छात्रवृत्ति प्रदान गरिने छ ।

### विद्यार्थी भर्ना स्थिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा जुलाई १, २०१६ देखि २०१६को सेप्टेम्बर अन्त सम्ममा संस्थामा नयाँ विद्यार्थीहरूको दर्ता स्थिति निम्न रहेको छ ।

| तह | CAP I | CAP II | CAP III |
|---|---|---|---|
| संख्या | १७ | २७४ | ९४ |

### एक वर्षे प्रशिक्षण

१ जुलाई २०१६ देखि १ सेप्टेम्बर २०१६ सम्मको अवधिमा विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थावाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरागर्ने जम्मा २२ जनाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१को नियम ४१ (क) बमोजिम एक वर्षको प्रशिक्षणको लागि संस्थामा आफ्नो नाम दर्ता गराएका छन् ।

## Crash Course

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले CAP II / CAP III तहका विद्यार्थीहरूलाई परीक्षाको तयारीमा सहयोग पुऱ्याउने अभिप्रायले दुवै तहका विद्यार्थीहरूको लागि विभिन्न मितिमा Crash Course को संचालन गऱ्यो । दुवै तहको परीक्षाका लागि सबै विषयहरूको अध्यापन नगराई तुलनात्मक रूपमा केही कठीन र प्रमुख विषयहरूको मात्र अध्यापन गराईएको थियो । तह अनुसार उक्त कोर्षमा सहभागी विद्यार्थी संख्या र कोर्ष संचालन मिति निम्न अनुसार रहेको थियो ।

| Level | From | To | No of Students |
|---|---|---|---|
| CAP III | September 4, 2016 | September 22, 2016 | 22 |
| CAP II | September 22, 2016 | October 4, 2016 | 90 |

### करीयर काउन्सलिङ्ग

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी विविध पक्ष बारेमा चार्टर्ड एकाउन्टेन्सी अध्ययन गर्न इच्छुक विद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले काठमाडौं उपत्यकामा विभिन्न मितिमा करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गऱ्यो । कार्यक्रम अवधिमा चार्टर्ड एकाउन्टेन्ट सम्बन्धी विविध पक्षहरू जस्तै चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्राप्त गरेपछि भविष्यमा संभावित वृत्ति विकासका अवसरका साथै चार्टर्ड एकाउन्टेन्सी अध्ययन गर्नको निमित्त आवश्यक शैक्षिक योग्यता एवं पूरा गर्नुपर्ने शर्त एवं आवश्यक प्रकृया आदिका सम्बन्धमा जानकारी गराएको थियो ।

### सिए. सदस्यता परीक्षाको नतिजा प्रकाशित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जून २०१६ मा संचालन गरेको सदस्यता परीक्षाको नतिजा २०१६ अगस्ट १५ मा प्रकाशित गरेको छ । प्रकाशित नतिजा अनुसार २० जना परीक्षामा सफल भएका छन् । सदस्यता परीक्षाको लागि विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सिए योग्यता प्राप्त गरेका १७८ जनाले परीक्षा फारम भरेको मा १५४ जनामात्र परीक्षामा सामेल भएका थिए ।

### जून २०१६ मा संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल प्रकाशित

संस्थाले जून २०१६ मा संचालन गरेको चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल २०१६अगष्ट १५ मा प्रकाशित गरेको छ । परीक्षाको नतिजा अनुसार CAP I तहका २६२, CAP II तहका १०४ र CAP III तहका ४२ जनाले परीक्षा उत्तीर्ण गरेका छन् । परीक्षाको नतिजा निम्न अनुसार रहेको छ ।

| क्र.सं | तह | बिद्यार्थी विबरण | पहिलो समूह | दोश्रो समूह | दुवै समूह | कूल | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | CAP I | परीक्षामा सामेल | | | | ३७६ | ६९.६८ |
| | | उत्तीर्ण संख्या | | | | २६२ | |
| २ | CAP II | परीक्षामा सामेल | ३१६ | ३१४ | ६९५ | १३२५ | १२.९१ |
| | | उत्तीर्ण संख्या | ४९ | ७२ | ५० | १७१ | |
| ३ | CAP III | परीक्षामा सामेल | १६८ | १३१ | २१२ | ५११ | २२.११ |
| | | उत्तीर्ण संख्या | २५ | ७९ | ९ | ११३ | |

### लेखाप्राविधिज्ञ कोर्षको परीक्षा सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था अन्तर्गत लेखाप्राविधिज्ञ बोर्डले सेप्टेम्बर २०१६, १८ देखि २२ सम्म संस्थाको भवनमा लेखाप्राविधिज्ञ कोर्षको परीक्षा संचालन गऱ्यो । परीक्षामा ७ जनाले आवेदन दिएकोमा ६ जना मात्र परीक्षामा सामेल भएका थिए ।

## सदस्यता, पेशागत प्रमाणपत्र र लेखाव्यवसायी फर्मको स्थिति

२०१६ जुलाई १ देखि सेप्टेम्बर ३० सम्ममा संस्थाको सदस्य संख्या, पेशागत प्रमाणपत्र संख्या र लेखाव्यवसायी फर्म संख्या तथा सो अवधिको नवीकरण स्थिति निम्न बमोजिम छ।

| वर्ग | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी फर्म | |
|---|---|---|---|---|---|---|
| | कुल संख्या | नवीकरण संख्या | कुल संख्या | नवीकरण संख्या | कुल संख्या | नवीकरण संख्या |
| एफसिए/सिए | १००२ | ६०४ | ७३७ | ३४५ | ६५० | ३२५ |
| आरए.बी | ३३७९ | १७०१ | ३१४७ | १३१२ | १६६९ | १३१४ |
| आरए.सी | १६०३ | ७५३ | १४७१ | ६३६ | ८४१ | ६३७ |
| आरए.डी | २२८३ | १११५ | २०९१ | १००४ | १२१० | १००१ |
| **कूल** | **८२६७** | **४१७३** | **७४४६** | **३२९७** | **४३७०** | **३२७७** |

## २०१६ जुलाई १ देखि सेप्टेम्बर अन्तसम्ममा संस्थामा नयाँ दर्ता चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुको नामावली

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४४ बमोजिम २०१६ जुलाई १ देखि सेप्टेम्बर अन्तसम्ममा संस्थामा नयाँ दर्ता भएका १५ चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको नामावली निम्न अनुसार रहेको छ।

| S.No. | Mem.No. | Name |
|---|---|---|
| 1 | 994 | NABINA DHUNGANA |
| 2 | 995 | RAJKUMAR KHADKA |
| 3 | 996 | AMAR KUMAR CHAUDHARY |
| 4 | 997 | DEEPAK ADHIKARI |
| 5 | 998 | SUNISCHIT MOKTAN |
| 6 | 999 | ABHIYAN UPADHYAY |
| 7 | 1000 | SUMITA MAHARJAN |
| 8 | 1001 | SUNIL KUMAR DAS |
| 9 | 1002 | SUSHILA GHIMIRE |
| 10 | 1003 | DEEPAK BOHARA |
| 11 | 1004 | KSHITIJ SHARMA |
| 12 | 1005 | SHUBHA KAYASTHA |
| 13 | 1006 | ARUN SHARMA |
| 14 | 1007 | UTSAV BARAL |
| 15 | 1008 | SANTOSHI KHANAL |
| 16 | 1009 | SARITA SHRESTHA |

## फाउन्डर सदस्यताको लागि प्रस्ताव

Enterprise Financial Management Association of China को अगुवाईमा International Financial Management Council स्थापना गर्ने कार्य भइरहेको र उक्त काउन्सिलले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई पनि संस्थापक सदस्य (Founder Member) बन्नको लागि पत्राचार गरेको छ। सो काउन्सिलले International Financial Management Standard तर्जुमा गर्ने Certified Finance Manager को योग्यताको मान (Standards) तयार पार्ने, प्रत्येक देशमा काउन्सिलको एउटा मात्र सदस्य रहने व्यवस्था गर्ने लगायतको कार्य गर्ने अवधारणा राखेको छ।

परिषदले International Financial Management Council को सदस्यता लिए पछि देशको Financial Management क्षेत्रमा समेत संस्थाले नै नेतृत्व प्रदान गर्नु उपयुक्त हुने देखिएको ले उक्त काउन्सिलको संस्थापक सदस्यता लिने निर्णय गरेको छ। २०१६ सेप्टेम्बर १५ मा चीनको बेइजिंगमा सम्पन्न भएको उपरोक्त प्रस्तावित काउन्सिलको स्थापनाको लागि आयोजित प्रारम्भिक बैठकमा संस्थाको तर्फबाट संस्थाका अध्यक्ष सिए. महेश खनाल र निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्सालले भाग लिनुभएको थियो।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र The Institute of Chartered Accountants in England and Wales (ICAEW) बीच संझौता सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले विभिन्न अन्तर्राष्ट्रिय चार्टर्ड एकाउन्टेन्ट्स संस्थाहरूसंग मान्यता प्राप्त गर्न गरेको निरन्तर प्रयासको फलस्वरूप २०७३ साल आश्विन १७ गते तद्अनुसार अक्टोवर ३, २०१६ मा The Institute of Chartered Accountants in England and Wales (ICAEW) संग एक संझौता गरको छ।

ICAEW जस्तो विश्व प्रख्यात संस्थासंग भएको यस संझौताले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको मौजुदा शिक्षा तथा शिक्षा प्रणाली अन्तर्राष्ट्रिय स्तरको रहेको कुरालाई बल पुग्ने देखिन्छ। यस संझौताले दुई देश वीचको सम्बन्धका साथै नेपालको लेखाव्यवसायको क्षेत्रमा नयाँ आयाम थपेको छ। उक्त संझौताले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष उत्तीर्ण गरेका यस संस्थाका सदस्यहरूको अन्तर्राष्ट्रिय मान्यताको दायरालाई अझ बृहत् पारिदिएको छ।



संस्था र ICAEW बीचको संझौतामा हस्ताक्षर हुँदै।

संझौताको प्रावधान बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष उत्तीर्ण गरी लेखाव्यवसायी फर्ममा दुई बर्षको लेखापरीक्षण कार्य अनुभव हासिल गरेका यस संस्थाका सदस्यहरूले ICAEW ले तय गरेको तीनवटा विषयहरू Business Planning, Corporate Reporting र Strategic Business Management तथा एक CASE Study को परीक्षा उत्तीर्ण गरेमा ICAEW को सदस्यता प्राप्त गर्न सक्नेछन्।

त्यस्तै ICAEW को सदस्यता प्राप्त गरी सो सस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिहरूले यस संस्थाले तोकेको दुई विषयहरू Corporate Laws र Advance Taxation को परीक्षा उत्तीर्ण गरी एक वर्षको इन्टर्नशीप गरेमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन्। सो संझौतामा संस्थाको तर्फबाट संस्थाका अध्यक्ष सिए. महेश खनाल र ICAEW को तर्फबाट श्री माइकल जी. डब्लु. आर्मस्ट्रोङ्गले हस्ताक्षर गर्नुभएको थियो।

टिकट


प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)



सातदोबाटो, ललितपुर पो. ब. नं. ५२८९ (काठमाडौं), फोनः ०१-५५३०८३२ ५५३०७३०

फ्याक्सः ००९७७ १ ५५५०७७४, इमेलः ican@ntc.net.np, वेवसाइटः www.ican.org.np

शाखाहरूः विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज